बैठक - ३८

आज मिति २०७६/०५/३० गते विहान ७;३० वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| 1. | राधेश्याम चौधरी | अध्यक्ष | |
| 2. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | |
| 3. | भेषनारायण चौधरी | सदस्य | |
| 4. | शम्भु प्रसाद चौधरी | सदस्य | |
| 5. | अणेन्द्रनाथ राय | सदस्य | |
| 6. | छोटेलाल यादव | सदस्य | |
| 7. | दिनेश सहानी | " | |
| 8. | कैलास यादव | " | |
| 9. | हयात खाँ धुनिया | " | |
| 10. | छिमादेबी चौधरी | " | |
| 11. | चन्दादेवी चौधरी | " | |
| 12. | जन्त्री केवटिन | " | जन्त्री |
| 13. | विन्दादेवी धोवी | " | विन्दा |
| 14. | जोखु प्रसाद कहार | " | |
| 15. | श्री सुनिता हरिजन | " | |
| 16. | श्री झविश्वर रेग्मी | " | |
| 17. | नारायण पाण्डेय | आमन्त्रित | |
| 18. | तुल्सी प्रसाद अधिकारी | " | |
| 19. | नरेश कोहार | " | |
| 20. | राजन वस्याल | " | |
| 21. | टंकनाथ ज्ञवाली | " | |
| 22. | हेमन्त कुमार चौधरी | " | |
| 23. | देवकान्त वस्याल | " | |
| 24. | | | |

प्रस्ताव नं. १ -ज्याला दररेट निर्धारण सम्वन्धमा

निर्णय नं. १ - प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गा.पा भित्र सञ्चालन हुने सम्पुर्ण सार्वजनिक कार्यको लागी आवश्यक सामाग्रीहरुको दररेट एवं दक्ष,अर्धदक्ष र अदक्ष कामदारको ज्याला जिल्ला दररेट समितिले निर्धारण गरेअनुरुप हुने गरी निर्धारण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ म्याद थप सम्बन्धमा

निर्णय नं. २ - प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गा.पा कार्यालयसंग संझौता भई निर्माण कार्य भईरहेको तपशिल बमिजिमका आयोजनाहरुको समयमा काम सम्पन्न नभएकोमा उपयुक्त कारणसहित म्याद थपको लागी निवेदन पेश गर्नुभएकोमा निजहरुको म्याद देहायको मितिसम्म कायम रहने गरी थप गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | ठेक्का नं. | विनियोजित रकम | कबोल रकम | भुक्तानी भएको | भुक्तानी वाकी | सुरु म्याद कायम | म्याद थप मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | हुलासी भिमटाडी श्रीनगर कोठिलहा हुदै सरावल जोड्ने सडकमा कल्भर्ट पुलनाला र सब वेस निर्माण कार्य | सरावल-३ | १०/२०७५/७६ | २००००००० | १२४४६२०६.४६ | ८८५६७१०.०० | ३५८९४९६.४६ | २०७६ असार मसान्तसम्म | २०७६ असोज मसान्त |
| २ | प्रत्येक सामुदायीक विद्यालयमा वालमैत्री धारा जडान शुद्ध पिउनेपानि सहित | सरावल | १३/२०७५/७६ | २०००००० | १४८६००२.५१ | ० | १४८६००२.५१ | २०७६ असार मसान्तसम्म | २०७६ असोज मसान्त |
| ३ | सामुदायीक विद्यालयमा महिलामैत्री शौचालय निर्माण सेफ्टी प्याड डिस्पोजल सहित | सरावल | १४/२०७५/७६ | २०००००० | १७६८५४८.०६ | १२१७६१६.०० | ५५०९३२.०६ | २०७६ असार मसान्तसम्म | २०७६ असोज मसान्त |
| ४ | सामुदायीक विद्यालयमा महिलामैत्री शौचालय निर्माण | सरावल | १५/२०७५/७६ | २०००००० | १५०२०९६.१० | ७३९९८४.६८ | ७६२११२.४२ | २०७६ असार मसान्तसम्म | २०७६ असोज मसान्त |

प्रस्ताव नं. ३ उपभोक्ता समिति गठन कार्यविधि स्विकृती सम्वन्धमा

निर्णय नं. ३ - उपभोक्ता समिति गठन सञ्चालन कार्यविधी-२०७६ को मस्यौदा वैठकमा पेश गरियो । सोउपर छलफल गर्दा सरावल गा.पा भित्र सञ्चालन हुने विकास निर्माणका कार्यहरु सञ्चालन गर्नेको लागी सहयोगी भुमिकामा रहने उपभोक्ता समितिहरुको गठन सञ्चालनको लागी पेश भएको उपभोक्ता समिति गठन सञ्चालन कार्यविधी वैठकमा पेश भएअनुरुप स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४ - प्रहरी चौकीको लागी जग्गा उपलव्ध गराउने सम्वन्धमा

निर्णय नं. ४ - प्रस्ताव नं. ४ उपर छलफल गर्दा साविक भुजहवा गा.वि.स वार्ड नं. २ क हाल सरावल गा.पा वार्ड नं. ६ को प्रहरी चौकी भुजहवाको कार्यालय स्थापना रहेको २०२४ सालमा सरकारी जग्गा कि.नं. १३८ को १-१३-११ मध्ये ज.वि.०-५-२.५ पुर्व १५५.५ फिट, पश्चिम, १३२ फिट, उत्तर १३२ फिट, दक्षिण १२८ फिट, जग्गा नेपाल सरकारको नियमानुसार हुने गरी प्राप्ती गर्न प्रहरी चौकी भुजहवालाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ - सार्वजनिक विदा अनुमोदन सम्बन्धमा

निर्णय नं. ५ -प्रस्ताव नं. ७ उपर छलफल गर्दा हिन्दुहरुको पवित्र पर्व रक्षावन्धन(जनैपुर्णीमा)को अवसरमा मिति २०७६/०४/३० गते यस सरावल गाउ कार्यापलिकाद्वारा सार्वजनिक विदा दिईएकोमा उक्त विदा अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ६ - घ बर्गको निर्माण व्यवसाय ईजाजतपत्र कार्यविधि सम्वन्धमा

निर्णय नं. ६ - प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस सरावल गा.पावाट दिईने घ वर्गको व्यवसाय ईजाजत पत्रलाई व्यवस्थित गर्नका निमित्त "घ वर्गको निर्माण व्यवसाय ईजाजतपत्र कार्यविधि" स्विकृती गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७-संविधान दिवस मनाउने सम्वन्धमा

निर्णय नं. ७ -प्रस्ताव नं. ९ उपर छलफल गर्दा असोज ३ गतेको संविधान दिवसलाई राष्ट्रिय उत्सवको रुपमा मनाउन असोज २,३ र ४ गते कार्यालय तथा आ-आफ्नो घरमा राष्ट्रिय झण्डा फहराउने एवं दिपावली गर्ने र असोज ३ गते गाउकार्यपालिका कार्यालयमा विहान ८ वजे प्रभातफेरी गर्ने गर्ने निर्णय गरियो । सो कार्यक्रममा सम्पुर्ण गाउसभा सदस्य, विद्यालयका प्र.अ,राजनितिक दलका प्रमुखहरु एवं कार्यालयका सम्पुर्ण कर्मचारीहरु सहभागी गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ८ - सरावल-३ को हिमालयन युवा क्लबद्वारा सञ्चालन हुने खेलकुद तथा सास्कृतिक कार्यक्रममा आर्थिक सहयोग सम्वन्धमा

निर्णय नं. ८ - प्रस्ताव नं. १० उपर छलफल गर्दा यस सरावल गा.पा वडा नं. ३ मा गठित हिमालयन युवा क्लव द्वारा हरेक वर्ष दशैको अवसरमा सञ्चालन हुने खेलकुद तथा सास्कृतिक कार्यक्रमको सञ्चालनको लागी आर्थिक सहयोग माग भएकोमा यस गा.पाको २०७६/०७७ को वार्षिक स्विकृत कार्यक्रमको खेलकुद विकास कार्यक्रमवाट खर्च हुने गरी रु १ लाख आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ - आ.व. ०७५/०७६ को प्रगती समिक्षा सम्वन्धमा,

निर्णय नं. ९ - प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस सरावल गा.पाको कार्यालयवाट भएको सम्पुर्ण क्रियाकलापको प्रगती बैठकमा पेश गरियो । सम्पादित कार्यवाट प्राप्त उपलब्धि राम्रै रहेपनी प्रयाप्त नभएको निष्कर्ष सहित आगामी दिनमा समृध्द सरावल गा.पा वनाउनको लागी अझ प्रगती हासिल गर्न एकजुट भएर लाग्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १० - डेंगु नियन्त्रण सम्बन्धमा

निर्णय नं. १० - प्रस्ताव नं. १० उपर छलफल गर्दा हाल देशव्यापी रुपमा महामारीको रुपमा फैलिदै गएको डेंगु रोग नियन्त्रणको लागी सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने एवं रोग महामारीको रुपमा फैलिन नदिनको लागी आवश्यक पहल गर्ने र सम्पुर्ण संयन्त्रलाई तयारी हालतमा राख्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ - अमिन/कानुनी सल्लाहकार नियुक्ती सम्वन्धमा

निर्णय नं. ११ - प्रस्ताव नं. ११ उपर छलफल गर्दा यस सरावल गा.पामा धैरै संख्यामा जग्गा सम्वन्धी विवादहरु दर्ता हुने गरेको र विवाद निरुपण एवं मेलमिलाप गर्ने जग्गा नापजाच गर्ने अमिन आवश्यक देखीएकोमा एक अमिन करार सम्झौता गरी नियुक्त गर्ने र निजले दिएको सेवाको अधारमा ३ किता सम्म नापजाच गर्दा रु १०००, ६ कित्ता सम्म रु २००० र सोभन्दा माथि नापजाच गर्दा रु ३००० हुने गरी सेवा शुल्कस्वरुप राजश्व अशुल गर्ने निर्णय गरियो ।साथै विवाद निरुपणकोलागी कानुनी रुपमा जटिलता उत्पन्न भएमा उपयुक्त सल्लाह दिनको लागी एक कानुन व्यवसायी संग आवश्यकतानुसार वार्षिक सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने र कानुनी परामर्श लिई विवाद समाधान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ - झोलुङ्गे पुल आयोजना छनौट सम्बन्धमा ।.

निर्णय न. १२ - प्रस्ताव न. १२ उपर छलफल गर्दा यस सरावल गा.पा वाड न. ४ को बडसार र ललितपुर जोड्ने झरही खोला मा झोलुङ्गे पुल निर्माण गर्नको लागि आयोजना छनौट गरि आयोजना कार्यान्यन प्रक्रिया अघि बढाउन सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो।